# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४) काठमाडौं, असोज ८ गते २०५१ साल (अतिरिक्ताङ्क २६ (घ)

## भाग ३

### निर्वाचन आयोगको सूचना

निर्वाचन आयोगले प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०४७ को दफा ४४ को उप-दफा (२) ले दिएको अधिकार प्रयोग गरी सम्वत् २०५१ साल कार्तिक २९ गते मतदान हुने प्रतिनिधि सभा सदस्यहरुको निर्वाचनकोलागि देहाय बमोजिमको मतपत्रको ढाँचा तोकेको छ :-

१०३२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## मतपत्रको ढाँचा

**प्रतिनिधिसभा सदस्य निर्वाचन २०५१**

..........जिल्ला निर्वाचन क्षेत्र नं.......

गा.वि.स./न.पा...................

वडा नं........

मतदाताको क्र.सं............

मतदाताको सही छाप

..............................................................................

**मतपत्र** प्रतिनिधिसभा सदस्य निर्वाचन २०५१

............जिल्ला निर्वाचन क्षेत्र नं.......

| | |
|---|---|
| चिन्ह | चिन्ह |
| चिन्ह | चिन्ह |
| चिन्ह | चिन्ह |
| चिन्ह | चिन्ह |
| चिन्ह | चिन्ह |

मतदान अधिकृतको सही

...........................



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**द्रष्टव्य :-** १. मतपत्रको अधकट्टीमा पछिल्तिर मतपत्रको सिलसिलेवार नं. रहने छ ।

२. मतपत्रमा शुरुमा आयोगबाट मान्यता प्राप्त राजनैतिक दलहरुका उम्मेदवारहरुको निर्वाचन चिन्ह त्यसपछि निर्वाचनकोलागि मान्यता प्राप्त नभएको राजनैतिक दलका उम्मेदवारहरुको निर्वाचन चिन्ह र त्यसपछि स्वतन्त्र उम्मेदवारको निर्वाचन चिन्ह निजहरुको नामको वर्णानुक्रम अनुसार रहनेछन् ।

३. मतपत्रमा निर्वाचन चिन्हको क्रमको प्रारम्भ वायाँतर्फको कोठामा १ नं. र दायाँ तर्फको कोठामा २ नं. को क्रम अनुसार निर्वाचन चिन्हहरु रहनेछन् ।

४. मतपत्रको अधकट्टीमा "प्रतिनिधि सभा सदस्य निर्वाचन २०५१," "गा.वि.स./न.पा.", "वार्ड नं", "क्र.सं." जिल्लाको नाम र निर्वाचन क्षेत्र नं. र दायाँपट्टी वर्ग भित्र "मतदाताको सही" भन्ने शब्दहरु उल्लेख हुनेछन् ।

५. अधकट्टीको तलको भाग मतदातालाई प्रदान गरिनेछ । मतपत्रको यस भागमा "मतपत्र प्रतिनिधि सभा सदस्य निर्वाचन २०५१" र जिल्लाको नाम तथा निर्वाचन क्षेत्र नं. उल्लेख हुनेछ । त्यसपछि आयाताकार कोठामा उम्मेदवारको निर्वाचन चिन्ह हुनेछ । निर्वाचन चिन्हको क्रम समाप्त भएपछि तल दायाँ पट्टी "मतदान अधिकृतको सही" भन्ने शब्दहरु उल्लेख हुनेछन् ।

६. मतपत्रमा सेतो पृष्ठभूमिमा सिम्रिक रंगमा अक्षर, चिन्ह र कोठाका रेखाहरु छापिएका हुनेछन् ।

७. दायाँ बायाँ निर्वाचन चिन्ह रहेका कोठाहरुमा रेखाहरुको बीचको खाली ठाउँमा प्रमुख निर्वाचन आयुक्तको हस्ताक्षर सिम्रिक रंगमा छापिएको हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. प्रत्येक निर्वाचन क्षेत्रमा अन्तिम रुपमा कायम रहेका उम्मेदवारहरुको निर्वाचन चिन्हहरु मात्र भएको मतपत्र प्रत्येक निर्वाचन क्षेत्रकोलागि अलग-अलग हुनेछ ।

मुद्रण विभाग, सिंहदरबार

आज्ञाले,

**खगेन्द्र बस्न्यात**

निर्वाचन आयोगको का.मु. सचिव

१०४८



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

...त गरिएपछि मात्र लागु हुनेछ।